# पोखरा महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
गण्डकी प्रदेश, कास्की
(शिक्षा महाशाखा)

पत्र संख्या: ०७७/०७८
चलानी नं. २१०

फोन नं.०६१-४६८०४३ र ४६८०८२
इमेल:info@pokharamun.gov.np
वेभसाइट: pokharamun.gov.np


पोखरा महानगरपालिका नगर कार्यपालिकाको कार्यालय न्यूरोड, कास्की गण्डकी प्रदेश, नेपाल

मिति : २०७७/०८/२२

विषय : विद्यालय सञ्चालन सम्बन्धमा ।

**पोखरा महानगरपालिका स्थित सम्पूर्ण विद्यालयहरु ।**

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयवाट मिति २०७७/०७/२० मा जारी गरिएको विद्यालय सञ्चालन कार्यढाँचा-२०७७ तथा मिति २०७७/०८/२१ मा पोखरा महानगरपालिकामा बसेको सर्वदलीय एवं सर्वपक्षीय बैठकको सहमति साथै नगर शिक्षा समितिको मिति २०७७/०८/१९ को निर्णयानुसार पोखरा महानगरपालिका अन्तरगतका सम्पूर्ण विद्यालयहरुलाई यस अगाडि पोखरा महानगरपालिका शिक्षा महाशाखावाट जारी गरिएको स्वास्थ्य सम्बन्धी मापदण्ड, विद्यालय सञ्चालन कार्यढाँचा-२०७७ मा उल्लेखित मापदण्ड एवं यसै साथ संलग्न मोडालिटी अनुरुप प्रत्येक विद्यालयले अनिवार्य रुपमा विद्यालय सञ्चालन कार्ययोजना बनाइ एक प्रति शिक्षा महाशाखामा पेश गर्ने सर्तमा विद्यालयहरु नियमित रुपमा सञ्चालन गर्नु गराउनु हुन यो सूचना जारी गरिएको छ ।

२०७७/०८/२२
हेमप्रसाद आचार्य
प्रमुख
शैक्षिक प्रशासन महाशाखा

**विद्यालय सञ्चालन गर्दा अवलम्बन गर्न सकिने मोडालिटी**

- कोभिड १९ को जोखिम न्यून रहेका, विद्यार्थी संख्या न्यून भएका , विद्यालयको सेवा क्षेत्र भित्रै बसोबास गरेका र विद्यालयको भौतिक अवस्थाले भौतिक दुरी कायम गर्न सक्ने भएमा सम्बन्धित वडा कार्यालयमा विद्यालय सञ्चालन सम्बन्धी कार्ययोजना पेश गरी विद्यालयमा प्रत्यक्ष विधि मार्फत नियमित रुपमा सञ्चालन गर्न सक्ने ।
- विद्यालयको भौतिक अवस्था र विद्यार्थी संख्याको आधारमा विद्यार्थीहरुलाई एकै सिफ्ट वा फरक फरक सिफ्ट बनाइ कक्षा सञ्चालन गर्न सक्ने ।
- यदि भौतिक दुरी कायम गर्दा सवै कक्षा एउटै समयमा सञ्चालन गर्न सम्भव नभएमा फरक दिनमा फरक कक्षाका विद्यार्थीहरुलाई कक्षा कोठामा नै अध्यापन गर्न सकिने ।
- एउटा सिफ्टमा दैनिक अधिकतम् ४ घण्टाभन्दा बढी समय कक्षा सञ्चालन नगर्ने ।
- क्याम्पस सञ्चालनको हकमा कार्ययोजना तयारी गरी महानगरपालिकावाट स्वीकृत गराएर मात्र सञ्चालन गर्ने ।
- यस पूर्व महानगरपालिका शिक्षा महाशाखावाट जारी गरिएको कोभिड-१९ स्वास्थ्य सम्बन्धी मापदण्डलाई अनिवार्य रुपमा पालना गर्ने ।
- विद्यालय सञ्चालन गर्दा एक भन्दा बढी सिफ्टमा सञ्चालन गर्नु परेमा तल्लो कक्षाका विद्यार्थीहरुलाई दिवा सिफ्टमा र माथिल्लो कक्षाका विद्यार्थीहरुलाई विहानी वा सन्ध्याकालिका सिफ्टमा सञ्चालन गर्ने ।

# पोखरा महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
गण्डकी प्रदेश, कास्की
(शिक्षा महाशाखा)

फोन नं.०६१-४६८०४३ र ४६८०८२
इमेल:info@pokharamun.gov.np
वेभसाइट: pokharamun.gov.np


पत्र संख्या: ०७७/०७८
चलानी नं.

- आवासीय रुपमा नै विद्यालयमा नै विद्यार्थीहरु वस्नु पर्ने विद्यालयको हकमा आवासगृहलाई पूर्ण रुपमा कोभिड-१९ को मापदण्ड पूरा गरी सञ्चालन गर्ने । (गण्डकी आवसीय मा.वि, सिर्जना बहिरा आवसीय मा.वि, सहिद स्मृति आ.मा.वि, सैनिक आ.मा.वि, धार्मिक विद्यालयहरु र अन्य स्रोत कक्षाको रुपमा सञ्चालित विद्यालयहरु मात्र)
- माथि उल्लेखित बुँदाहरुको अतिरिक्त अनलाइन कक्षा मार्फत विद्यालय सञ्चालन गर्न पनि सक्ने ।
- महानगरपालिकावाट अर्को सूचना जारी नभइन्जेलसम्मको लागि भाषा कक्षा, टयूसन सेन्टर, कोचिङ कक्षाहरु सञ्चालन नगर्ने ।
- विद्यालयले आफ्नो बस सञ्चालन गर्नु पर्ने भएमा स्वास्थ्य सम्बन्धी मापदण्ड पालना गर्ने गरी सञ्चालन गर्न सक्ने ।
- माथि उल्लेखित जुन सुकै विधिवाट कक्षा सञ्चालन गर्दा सम्बन्धित अभिभावकको सहमति र विद्यालय व्यवस्थापन समितिको निणर्यवाट कार्ययोजना तयार गर्ने र सम्बन्धित वडासँग समन्वय गरी सोको जानकारी शिक्षा महाशाखा र सम्बन्धित स्वास्थ्य केन्दलाई समेत अनिवार्य रुपमा दिनु पर्ने ।
- विद्यालय सञ्चालन गर्दा आकस्मिक रुपमा स्वास्थ्य सम्बन्धी कुनै पनि समस्या आएमा अविलम्ब नजिकको स्वास्थ्य केन्द्र, वडा कार्यालय र शिक्षा महाशाखालाई जानकारी गराउने ।
- सकभर सवै विद्यार्थीहरुको कोरना बीमा गर्नको लागि सम्बन्धित विद्यालयले अभिभावकलाई उत्प्रेरित गर्ने ।
- शिक्षण सम्बन्धी कार्ययोजना निर्माण गर्दा कक्षा सञ्चालन हुने सिफ्टगत (Siftwise) रुपमा रहने कक्षाहरु /दिनहरु, सञ्चालन हुने समय, अवधि, कक्षाकोठामा विद्यार्थी बसाइको मोडालिटी, बस सञ्चालन हुने बसको रुटगत विद्यार्थी संख्या , शौचालय पिउने पानीको प्रयोग आदिको निर्मलीकरण व्यवस्थाको आधारहरु खुल्ने गरी स्पष्ट गरिनु पर्ने ।
- विद्यालय हातामा रहेका चमेना गृह हाललाई सञ्चालन नगर्ने ।
- प्रार्थना, खेलकुद लगायत अन्य भीडभाड हुने अतिरिक्त कियाकलाप सम्बन्धी कार्यक्रम पनि हाललाई सञ्चालन नगर्ने ।

हेमप्रसाद आचार्य
प्रमुख
शैक्षिक प्रशासन महाशाखा